**नेपाल मेडिकल काउन्सिलको चिकित्सक दर्ता अभिलेख अध्यावधिकका लागि आवश्यक विधि**

(२०७८/०३/०३)


नेपाल मेडिकल काउन्सिल ऐन २०२० को दफा १३ मा भएको व्यवस्थाबमोजिम दर्ता किताब दुरुस्त राखी समय–समयमा नाम दर्ता भएका चिकित्सकहरूको नाम, ठेगाना र योग्यता खोली दर्ता किताबमा दर्ता गर्ने, दिबंगत वा सदस्यताबाट नाम हटाइने भएका चिकित्सकहरूको नाम हटाउने र कुनै दर्तावाला चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा आफ्नो ठेगाना बदलेमा रजिष्ट्रारलाई एक महिनाभित्र सूचना गर्नुपर्ने व्यवस्थाको अधिनमा रही दर्ता अभिलेख अध्यावधिक गर्ने काम सम्पन्न गर्नुपर्ने भएकाले यो सूचनामा उल्लेख भएबमोजिम नेपाल मेडिकल काउन्सिलको चिकित्सक दर्ता अभिलेखमा **सुरू दर्ता देखि दर्ता नं. २४२२९ सम्म** दर्ता नं. भएका चिकित्सकहरूलाई तोकिएबमोजिमको व्यहोरा खुलाई काउन्सिललाई जानकारी गराउनहुन सूचित गरिन्छ । सूचना तथा अभिलेख अध्यावधिक नभएमा काउन्सिलबाट प्रदान गरिने सेवासुविधामा ढिलाई हुनसक्ने छ ।
(**नोटः** दर्ता नं. २४२३० पछिका दर्तावालको सूचना अध्याविक भै सकेकेको)

**दर्ता अभिलेख अध्यावधिक गर्ने प्रकृया**

आफ्नो ईमेल ठेगाना र मोबाइल नम्बर प्रयोगगरी नेपाल मेडिकल काउन्सिलको वेवसाईटमा राखिएको दर्ता अभिलेख अध्यावधिक फारम भरेर काउन्सिलमा पठाउनका लागि सम्बन्धित चिकित्सकले काउन्सिलबाट माग भै आएका कागजातहरु स्क्यान गरी सोहि फारममा अपलोड गर्नु पर्नेछ । दर्ता अभिलेख अध्यावधिक भएका चिकित्सकलाई आवश्यकता हेरी सबै विवरण उल्लेख भएको नयाँ प्रमाणपत्र तथा दर्ता परिचयपत्र निःशुल्क प्रदान गरिनेछ ।
अभिलेख अध्यावधिक गर्नका लागि फोटो तथा प्रमाणपत्रहरुको डिजिटल प्रति आवश्यक हुनेभएकाले निम्नानुसार पूर्वतयारी आवश्यक छ ।

**सामान्य जानकारी**

- अपलोड गर्नुपर्ने कागजात १ एमबी देखि २ एमबी वा १५० डीपीआईमा कलर स्क्यान गरेको हुनुपर्नेछ । श्याम–स्वेत रंगको, फोटो खिचेर पठाएको, चौकुना नमिलेको, अस्पष्ट, बांगोटिंगो प्रमाणपत्र मान्य हुनेछैन ।
- व्यक्तिको तस्विरः छ महिना भित्र खिचेको, रंगिन र डिजिटल रुपमा प्रशोधन वा परिवर्तन नगरेको, दुबै कान देखिने गरी सिधा क्यामरामा हेरेको, मुहारको हेराई प्राकृतिक वा सामान्य भएको, प्राकृतिक वाहेक कुनै दाग नभएको, आँखा खुला हुनुको साथै स्पष्ट देखिने हुनुपर्ने । यदि चस्मा लगाउनु पर्ने भएमा चस्माको फ्रेम पातलो र हलुका रंगको हुनुको साथै आँखा स्पष्ट देखिने र नटल्किएको हुनुपर्ने । विशेष धार्मिक/सांस्कृतिक कारण बाहेक टाउको खुला भएको र गहना नलगाएको, तस्विरको पृष्ठभूमि सादा र हलुका रङ्ग भएको तथा बोर्डर नभएको हुनुपर्ने । मुहारमा समानुपातिक रुपले उज्यालो भएको, छाँया नपरेको, प्रकाश ठीक मात्रामा भएको र फ्ल्यसका कारण आँखा रातो नभएको र फोकस मिलेको हुनुपर्ने । तस्विरको साईज निम्नानुसार भएको हुनुपर्ने ।




- डिजिटल फोटोको आयताकार १२००×१२०० पिक्सेलको sRGB रंगिन, JPEG/JPG फर्म्याटमा २४० किलोबाईट भन्दा ठूलो वा उत्रै साईजको हुनुपर्ने छ ।

**कम्प्युटरमा एउटा फाइल/फोल्डर बनाएर त्यसमा निम्नलिखित कागजपत्रहरु माथि भनिएअनुसार स्क्यान गरेर राख्ने र भनिएअनुसार अपलोड गर्दै जाने ।**

स्क्यान गरिनुपर्ने कागजातहरु (***तह र आवश्यकता अनुसार***)

१. फोटो*

२. नेपाली नागरिकताको प्रमाणपत्र* (दुबै पेज)

३. एस.एल.सी./एस.ई.ई. र प्रमाणपत्र तह/प्लस टु/ए लेभलका शैक्षिक योग्यताका प्रमाणपत्रहरू

४. स्नातक तह (एमबीबीएस/बीडीएस) र सो भन्दा माथिल्लो तहका विश्वविद्यालयबाट दिइने ट्रान्सकृप्ट र अन्तरिम/अन्तिम प्रमाणपत्र)* – बार्षिक प्राप्तांक आवश्यक नपर्ने

५. ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र* (ईन्टर्नसिप प्रावधान लागु भएको हकमा)

६. नेपाल मेडिकल काउन्सिलले प्रदान गरेका सबै दर्ता प्रमाणपत्रहरु* (परीक्षण दर्ता, अस्थायी दर्ता, स्थायी दर्ता र विशेषज्ञ दर्ता)– प्राप्त गरेअनुसार

विदेशमा अध्ययन पूरा गर्नेको हकमा थप

६. काउन्सिलबाट प्रदान गरिएको इलिजिबिलिटी प्रमाणपत्र (परीक्षण दर्ताको सट्टामा)- प्राप्त गरेअनुसार

७. आवश्यकता/तोकिएअनुसारको भाषा परीक्षा उत्तिर्ण प्रमाणपत्र (चीनमा अध्ययन गरी उपाधि हासिल गर्नेहरूको हकमा तोकिएको एचएसके प्रमाणपत्र)

८. अध्ययन गरेको देशको भाषामा प्रदान गरिएका सबै प्रमाणपत्रहरु

९. विदेशमा अध्ययन गर्दाका बखत प्रदान गरिएको सम्बन्धित देशको काउन्सिल दर्ता प्रमाणपत्र (दर्ता प्राबधान भएमा) ।

*अनिवार्य गरिएको प्रमाणपत्र र सूचनामा तारा (*) चिन्ह लगाईएको छ ।*

नेपाल मेडिकल काउन्सिलको वेवसाइट www.nmc.org.np खोली REGISTRATION UPDATE भित्र गई फारम भर्ने । फारम भर्दा कम्प्युटरको प्रयोग गर्नु आवश्यक छ । मोबाईल फोनबाट फारम भर्दा अनावश्यक झंझट आइलाग्न सक्नेछ ।

नेपाल मेडिकल काउन्सिलले परीक्षण, अस्थायी, स्थायी तथा विशेषज्ञ चिकित्सक दर्ता प्रमाणपत्रहरू नयाँ डिजाइन सहितको स्वरूपमा प्रदान गर्न शुरुगरेको व्यहोरा सार्वजनिक भैसकेको छ । नयाँ ढाँचा (डिजाइन) को प्रमाणपत्रमा अघिल्लोपटक प्रदान गरिएका सबै प्रमाणपत्रहरुको विवरण समेत उल्लेख हुने हुनाले पुरानो ढाँचामा प्रदान गरिएका सबै दर्ता प्रमाणपत्रको सक्कलै प्रति काउन्सिलमा फिर्ता बुझाउनु पर्नेछ । कुनै कारणवश फिर्ता बुझाउनुपर्ने सक्कल प्रमाणपत्र साथमा नभएको/हराएको/नासिएको अवस्थामा तोकिएको प्रक्रिया पूरा गरी सोको नक्कल प्रति (कपी अफ ओरिजिनल) लिएर काउन्सिलमा बुझाउनु पर्नेछ ।

**दर्ता प्रमाणपत्र हस्तान्तरण**

तयारभएको दर्ता प्रमाणपत्र तथा दर्ता परिचयपत्र लिनका लागि सम्बन्धित चिकित्सक स्वयं उपस्थित हुनु पर्नेछ । चिकित्सक स्वयं उपस्थित हुननसकेमा आवेदक चिकित्सकको मञ्जुरीनामा सहित कुनै वारेस वा प्रतिनिधि सो प्रमाणपत्र लिन आएमा त्यस्तो ब्यक्तिलाई समेत प्रमाणपत्र हस्तान्तरण गर्न सकिने छ ।

**थप जानकारीका लागि सम्पर्क**

**फोन नं. 4371954, 4377164**

**मोबाइल नं. Pradeep Rijal 9851206196 (office hours)**

रजिष्ट्रार